# १ हेक्टर भन्दा बढि क्षेत्रफलमा किवीफल खेती विस्तारका लागि प्रस्तावनामा आधारित अनुदान कार्यक्रम संचालन कार्यविधि, २०७५

(प्रदेश सरकार, मन्त्रीपरिषद, मिति २०७५/१०/०२ गतेको निर्णयबाट स्वीकृत)

प्रदेश सरकार, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं.-१, विराटनगर, नेपाल

प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

प्रदेश नं.१, विराटनगर, नेपाल

सचिव

# १ हेक्टर भन्दा बढि क्षेत्रफलमा किवीफल खेती विस्तारका लागि प्रस्तावनामा आधारित अनुदान कार्यक्रम संचालन कार्यविधि, २०७५

(प्रदेश सरकारको मिति २०७५/१०/०२ को निर्णयबाट स्वीकृत)

पृष्ठभूमि :

नेपालको प्राकृतिक बनोट अनुसार विविध प्रकारको हावापानी भएकोले उचाई अनुसार विविध प्रकारको फलफूल खेती हुँदै आएको छ। आरु, नस्पाती, आरुबखडा फलफूल खेती हुने पहाडी क्षेत्रमा नयाँ फलफूलको रुपमा किवीफलको व्यसायीकता निकै बृद्दि हुँदै गएको छ । किविफलको राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरमा राम्रो बजार भएको र नेपालको पहाडी क्षेत्रको हावापानी किवीफलको लागि उपयुक्त भएकोले यसको व्यवसायीक खेती प्रतिकृषकहरुको आकर्षण निकै बढेको छ र आय आर्जनको महत्वपूर्ण विकल्प भएको छ।किवी पोषिलो फल भएकोले यसको उत्पादनमा बृद्दि गरी फलफूलको खपत तथा पोषण सुधार हुने तथा किवीफलको उप उत्पादनबाट उद्यमशिलता विकास भै देशमा नै रोजगारी तथा आर्थिक उपार्जन गर्न राम्रो सहयोग पुग्ने देखिएकोले यसको बढावा गर्न जरुरी देखिएको छ । किवीफल खेतीबाट ४-५वर्षदेखि मात्र आम्दानी दिन शुरु गर्ने तर शुरुको वर्षमा सपोर्ट सिस्टम, खाडल खन्न, बारबन्देज तथा बिरुवाको अधिक लगानी लाग्ने हुँदा कृषकहरुलाई निकै समस्या पर्ने देखिएकोले र किवीफलको व्वसायिक रुपमा खेती गर्न कृषकहरुलाई प्रोत्साहन गर्न प्रस्तावनाको आधारमा अनुदान उपलब्ध गराउन आवश्यक देखिन्छ ।यसै परिप्रेक्ष्यमा नेपाल सरकारले २०७५साललाई फलफूल वर्ष र आर्थिक वर्ष २०७३/०७४ देखि २०८२/०८३ सम्म फलफूल दशक मनाउने लक्ष्य लिएको छ।यसै सन्दर्भमा चालु आर्थिक वर्ष २०७५/०७६ मा १ हेक्टर भन्दा बढि क्षेत्रफलमा किवीफल खेती विस्तारका लागि प्रस्तावनामा आधारित अनुदान कार्यक्रम कार्यान्वयन गर्न प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७५ को दफा ३(१) को अधिकार प्रयोग गरि प्रदेश सरकारबाट "१ हेक्टर भन्दा बढि क्षेत्रफलमा किवीफल खेती विस्तारका लागि प्रस्तावनामा आधारित अनुदान कार्यक्रम संचालन कार्यविधि, २०७५ तर्जुमा गरी लागू गरिएको छ।

## परिच्छेद १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः-

(१) यो कार्यविधिको नाम "१ हेक्टर भन्दा बढि क्षेत्रफलमा किवीफल खेती विस्तारका लागि प्रस्तावनामा आधारित अनुदान कार्यक्रम संचालन कार्यविधि २०७५" रहेको छ ।

(२) यो कार्यविधि प्रदेश सरकारबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(१) " फार्म, कम्पनी, समूह तथा सहकारी संस्था" भन्नाले प्रचलित कानून बमोजिम सरकारी कार्यालयमा दर्ता भई सञ्चालनमा रहेका फार्म, कम्पनी वा संस्था बुझ्नुपर्छ।

सचिव प्रमुख

(२) "प्रस्ताव" भन्नाले १ हेक्टर भन्दा वढी क्षेत्रफलमा किविफल खेती विस्तारको लागी पेश गरिएको कार्य योजनालाई बुझनुपर्छ ।

(३) "निजी उद्यमी" भन्नाले यस कार्यविधि अनुरुप नेपाल सरकारवाट १ हेक्टर वा सो भन्दा वढी क्षेत्रफलमा किविफल खेती विस्तारका लागि पूर्वाधार विकास गर्ने उद्धेश्यले आवेदन दिने कृषक तथा निजी कम्पनी बुझ्नुपर्छ ।

(४) "अनुदान" भन्नाले १ हेक्टर वा सो भन्दा वढी क्षेत्रफलमा किविफल खेती गर्नको लागि विरुवा खरीद, थोपा सिचाई, आवश्यक पूर्वाधारहरु तथा विरुवा सपोर्ट सिस्टममा निर्माण तथा वारवन्देज गर्न उपलव्ध गराईने नगद तथा वस्तुगत सहयोग बुझ्नुपर्छ ।

(५) "मन्त्रालय" भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय भन्ने बुझ्नुपर्छ ।

(६) "निर्देशनालय" भन्नाले कृषि विकास निर्देशनालय भन्ने बुझ्नुपर्छ ।

(७) "केन्द्र" भन्नाले वागवानी विकास केन्द्र भन्ने बुझ्नुपर्छ ।

(८) "समिति" भन्नाले दफा ८ अनुसार गठित कार्यक्रम कार्यान्वयन समिति भन्ने बुझ्नुपर्छ ।

३. कार्यक्रमको उद्देश्य :-

यस कार्यविधि अनुसार संचालन हुने कार्यक्रमको उद्देश्यहरु देहाय बमोजिम हुनेछन् ।

(१) किविफलको क्षेत्रफल र उत्पादन वृद्धि गरी उद्यमशिलता र रोजगारी बढाउने ।

(२) व्यवसायीक फलफूल खेतीको विस्तारलाई प्रवर्द्धन गरी आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन गर्ने।

## परिच्छेद २

## कार्यक्रम संचालन प्रकृया

४. कार्यक्रम संचालन

(१) यो कार्यक्रम वागवानी विकास केन्द्र, फाप्लु मार्फत उक्त केन्द्रको कमाण्ड क्षेत्रमा संचालन गरिनेछ ।

(२) यो कार्यक्रममा १ हेक्टर भन्दा वढि क्षेत्रफलमा किविफल खेती गर्नको लागि विरुवा खरीद,थोपा सिचाई,आवश्यक पूर्वाधारहरु तथा विरुवा सपोर्ट सिस्टममा निर्माण तथा वारवन्देज गर्ने कार्य समेटिने छ।

५. प्रस्तावकको योग्यता

(१) कार्यक्रम संचालनका लागि कार्यक्रममा तोकिए बमोजिमको जग्गा एकै ब्लकमा हुनु पर्नेछ।

(२) करारमा लिएको जग्गाको हकमा न्युनतम २० वर्षको करार सम्झौता भएको हुनुपर्नेछ ।

प्रमुख सचिव

सचिव

६. प्रस्ताव माग गर्ने

(१) यो कार्यक्रम संचालन गर्न केन्द्रले ३० दिने म्याद राखि राष्ट्रिय स्तरको पत्रपत्रिकामा अनुसूची १ बमोजिम प्रस्ताव आह्वान सम्बन्धि सार्वजनिक सूचना प्रकाशन गर्नेछ ।

(२) सूचनामा उल्लेख भए मुताविक कार्यक्रम सन्चालनका लागि उपयुक्त र इच्छुक प्रस्तावकहरुले *अनुसूची–२* बमोजिमको आवेदन, *अनुसूची–३* बमोजिमको कागजातहरु, र अन्य सान्दर्भिक कागजातहरु संलग्न राखि निर्धारित समय भित्र सम्बन्धित केन्द्रमा आवेदन दर्ता गर्नु पर्नेछ ।

७. प्रस्ताव मुल्याङ्कन तथा छनौट समिति

(१) प्रस्तावहरुको मुल्याङ्कन तथा छनौट गर्नका लागि तपसिल बमोजिमको समिति रहनेछ

| | |
|---|---|
| (क) प्रमुख, बागवानी विकास केन्द्र, फाप्लु | संयोजक |
| (ख) प्रमुख कृषि ज्ञान केन्द्र, सोलुखुम्बु | सदस्य |
| (ग) वरिष्ठ कृषि अधिकृत, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यन्वयन इकाई, सोलुखुम्बु | सदस्य |
| (घ) कोष तथा लेखा नियन्त्रण कायार्लय प्रमुख वा प्रतिनिधी, | सदस्य |
| (ङ) बागवानी विकास अधिकृत वा प्रमुखले तोकेको व्यक्ति | सदस्य सचिव |

नोटः समितिले आवश्यकता अनुसार बढीमा २ जना विषय विशेषज्ञलाई वा अन्य सहयोगीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

८. प्रस्ताव छनौट तथा मूल्याङ्कन प्रक्रिया

(१) केन्द्रले रितपूर्वक दर्ता भएका प्रस्तावहरुको दफा ७ उपदफा(१) बमोजिमको प्रस्ताव मुल्याङ्कन तथा छनौट समिति मार्फत मूल्याङ्कन प्रकृया अगाडि बढाउने छ ।

(२) प्रस्ताव मुल्याङ्कन तथा छनौट समितिले आवश्यकता अनुसार अनुसूची ४ मा तोकिएको मूल्याङ्कन शिर्षक र अङ्कभार भित्र रही मूल्याङ्कन आधारहरुको थप व्याख्या गर्न सक्नेछ ।

(३) दफा ५ बमोजिमका न्यूनतम योग्यता पुगेका प्रस्तावहरु मात्र स्थलगत निरिक्षण र थप मूल्याङ्कनका लागि योग्य हुनेछन्।

(४) अनुगमनको क्रममा प्रस्तावमा पेश गरिएको विवरण झुटो ठहरिएमा, प्राविधिक रुपले अनुपयुक्त ठहरिएमा वा आवश्यक न्युनत्तम योग्यता नपुगेको प्रमाणित भएमा सो प्रस्ताव अयोग्य ठहर गरी बाँकी प्रस्तावहरुको मूल्याङ्कन प्रकृया अगाडि बढाईनेछ।

(५) अनुसूची ४ बमोजिम मूल्याङ्कनमा सवैभन्दा बढी अङ्क प्राप्त गर्ने प्रस्तावहरुलाई छनौटको लागि केन्द्र प्रमुख समक्ष सिफारिस गर्नेछ ।

(६) समितिबाट सिफारिस भएका प्रस्तावहरुको छनौट सम्वन्धी अन्तिम निर्णय गर्ने अधिकार सम्वन्धित केन्द्र प्रमुखलाई हुनेछ ।

सचिव प्रमुख

९. संचालन हुने मुख्य-मुख्य क्रियाकलाप र सहजिकरण:-

(१) यो कार्यक्रम अन्तर्गत विरुवा खरीद, थोपा सिचाई, आवश्यक पूर्वाधारहरु तथा विरुवा सपोर्ट सिस्टममा निर्माण तथा वारवन्देज कार्यहरु समावेश हुनेछन । सम्बन्धित विषयकको प्राविधिकले नेपाल सरकारको प्रचलित ऐन नियम तथा स्थानिय दर रेटका आधारमा अनुसुची ५ मा उल्लेखित उत्पादन प्याकेजलाई आधार मानी तयार गरेको स्वीकृत लागत स्टिमेटको ७५% सम्म अनुदान उपलब्ध गराईने छ।

## परिच्छेद ३

## कार्यक्रम बजेट तथा अनुदान प्रवाह

१०. लागत इष्टिमेट र सम्झौता :

(१) प्रस्ताव छनौट पश्चात अनुदाग्राहीले प्रस्ताव बमोजिम सम्बन्धित विषयको प्राविधिक मार्फत स्थलगत सर्भेक्षण गराएर लागत इष्टिमेट तयार गरी स्वीकृतिको लागि केन्द्रमा पेश गर्नुपर्नेछ। लागत इष्टिमेट तयार गर्दा प्रचलित ऐन, कानून तथा स्वीकृत स्थानीय दररेट लाई आधार बनाउनु पर्नेछ साथै अनुसूची ५ बमोजिमको उत्पादन प्याकेजलाई आधार बनाउनु पर्नेछ।

(२) स्वीकृत ईष्टिमेटको आधारमा केन्द्र र अनुदानग्राही बीच अनुसूची ६ बमोजिमको सम्झौता गरिनेछ।

(३) अनुदानग्राहीले लागत सहभागिता रकम खुलेको होर्डङ्ग बोर्ड सर्वसाधरणले देख्ने गरी आयोजना अविधिभर कार्यक्रम स्थलमा राख्नुपर्नेछ ।

(४) लागत इष्टिमेट तयार गर्दा कुल अनुदान रकमको २% रकम कन्टीजेन्सी स्वरुप राखिनेछ ।उक्त रकम प्राविधिकको दैनिक भ्रमण भत्ता र समितिको वैठकभत्ता र अन्य ब्यवस्थापकिय कार्यमा प्रयोग गर्न सकिनेछ।

११. अनुदान रकम तथा प्रवाह विधि

(१) कार्यक्रम संचालनको लागि उपलब्ध गराईने अनुदान रकम तथा खर्च यस कार्यविधिमा तोकिए वमोजिम हुनेछ।अनुदानग्राहीलाई कामको प्रकृति अनुसार बढिमा २ किस्तामा सम्झौता बमोजिमको अनुदान रकम बैंक खाता मार्फत उपलब्ध गराईने छ ।

(२) प्रथम किस्ता भुक्तानीका लागि अनुदान ग्राहीले न्यूनतम ५०(पचास) प्रतिशत सम्मको प्रारम्भिक कार्य पुरा गरेको हुनु पर्नेछ । क्षेत्र विस्तारको हकमा रेखाङ्कन देखि विरुवा रोप्न तयारी गरेको, खाडल खनेको अवस्थालाई मानिनेछ) साथै सपोर्ट सिस्टम तारवार तथा वारवन्देजको हकमा प्रस्तावमा पेश गरे अनुसार कामको अधारमा गरिने छ ।

(३) किस्ता भुक्तानी गर्दा सम्बन्धित प्राविधिकको मूल्याङ्कन तथा स्थलगत अनुगमन समितिको सिफारिसको आधारमा रकम भुक्तानी गरिने छ।

(४) कार्यक्रम सम्पन्न भईसकेपछि सोको सञ्चालन एवं व्यवस्थापन गर्ने सम्पूर्ण जिम्मेवारी सम्बन्धित अनुदानग्राहीको हुनेछ।

सचिव प्रमुख सचिव

(५) अनुदानग्राहीले आफ्नो कृषि व्यवसायको संभव भएसम्म कृषि विमा गराउनु पर्नेछ ।

## परिच्छेद ४
## अनुगमन तथा विविध

१२. अनुगमन तथा मूल्यांकनः

(१) निर्देशनालय वा ज्ञान केन्द्र वा केन्द्रले सम्बन्धित स्थानिय निकाय र मन्त्रालयको सहयोग तथा समन्वयमा यस कार्यविधी अनुसार संचालित कार्यक्रमहरुको अनुगमन तथा मूल्याङ्कन गर्नेछ।

(२) मन्त्रालय र निर्देशनालयले यस कार्यक्रमको अनुगमन निरिक्षण गरी आवश्यक निर्देशन दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिमको निर्देशन पालना गर्नु अनुदानग्राहीको कर्तव्य हुनेछ ।

१३. प्रगति प्रतिवेदन पठाउनु पर्ने :

(१) अनुदानग्राहीले कार्यक्रमको प्रगति प्रतिवेदन मासिक रुपमा वागवानी केन्द्रमा पेश गर्नु पर्नेछ। वागवानी केन्द्रले चौमासिक रुपमा कृषि विकास निर्देशनालयमा तथा निर्देशनालयले मन्त्रालयमा प्रगित विवरण पेश गर्नु पर्नेछ ।

१४. आर्थिक प्रशासन सेवा

(१) कार्यक्रमको लेखा, लेखाङ्कन र लेखा परिक्षण प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि, मितव्ययिता सम्वन्धी निर्देशिका, २०७५, सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ र संघिय सरकारका प्रचलित कानून बमोजिम हुनेछ ।

१५. प्रचलित कानून लागु हुने

(१) कार्यक्रम कार्यान्वयनको सम्बन्धमा यस कार्यविधिमा उल्लेख भएकाको हकमा यसै बमोजिम तथा कार्यविधिमा उल्लेख नभएका कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

१६. बाधा अड्काउ फुकाउने (खारेजी एवं संशोधन)

(१) कार्यविधि कार्यान्वयनका सन्दर्भमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले आवश्यक निर्णय गर्न सक्नेछ ।

(२) कार्यविधि कार्यान्वयनमा बाधा अड्चन आइपरेमा वा विवाद उत्पन्न भएमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको निर्णय अन्तिम हुनेछ ।

(३) कार्यविधिलाई आवश्यकता अनुसार प्रदेश सरकारले खारेजी वा संशोधन गर्न सक्नेछ ।

सचिव प्रमुख सचिव

अनुसूची -१

(दफा ६ को उपदफा (१) सँग सम्बन्धित)

## १ हेक्टर भन्दा बढि क्षेत्रफलमा किवीफल खेती विस्तारका लागि प्रस्तावनामा आधारित अनुदान कार्यक्रम संचालन सम्बन्धी प्रस्ताव आह्वानको सूचना

आर्थिक वर्ष ............................ को बागवानी केन्द्र फाप्लु सोलुखुम्बुको वार्षिक स्वीकृत कार्यक्रम अनुसार १ हेक्टर भन्दा बढि क्षेत्रफलमा किवीफल खेती विस्तारका लागि प्रस्तावनामा आधारित अनुदान कार्यक्रमरहेको हुँदा यस केन्द्रको कमाण्ड क्षेत्रबाट ईच्छुक उद्यमी कृषक/फार्म/कम्पनी/संस्था तथा समूह/सहकारीबाट दरखास्त आह्वानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३०(तिस) दिन भित्र बागवानी केन्द्र फाप्लु सोलुखुम्बुमा तोकिएको ढाँचा अनुसूची २ अनुसारको कागजातहरु संलग्न राखी आवेदन एवम् प्रस्ताव आह्वान गरिन्छ । प्रस्ताव बुझाउनका तथा थप जानकारीको लागि बागवनी केन्द्र, फाप्लु, सोलुखुम्बुमा सम्पर्क गर्न सक्नु हुनेछ ।

सचिव प्रमुख

अनुसूची -२

(दफा ६ को उपदफा (२) सँग सम्बन्धित)

आवेदन फाराम

रु. १० को
टिकट

श्रीमान् प्रमुख ज्यू
वागवानी केन्द्र, फाप्लु सोलुखुम्वु ।

मेरो फार्म/कम्पनी/संस्था तथा समूह/सहकारीबाट ...................... गा.पा./न.पा., ............... जिल्ला अन्तर्गत ........... ..........स्थानमा ............ हेक्टर क्षेत्रफलमा किवीफल बगैंचा स्थापना र सपोर्ट सिस्टम तथा वारवन्देज व्यवस्थापन गर्ने लक्ष्य रहेकोले सो का लागि लागत अनुमान रु. .......... मध्ये रु. ................ मेरै/हाम्रै संस्थावाट व्यहोरी बाँकी रु. ............... अनुदान पाउने व्यवस्थाका लागि अनूसूची ३ बमोजिमका कागजातहरु राखी निवेदन पेश गरेको छु/गरेका छौं।

निवेदक

| | |
|---|---|
| दस्तखतः | फर्म/कम्पनी : |
| नाम थरः | ठेगानाः |
| पदः | फर्म/संस्थाको छापः |

अनुसूची -३

(दफा ६ को उपदफा (२) सँग सम्बन्धित)

आवेदन फारामसाथ पेश गर्नुपर्ने कागजातहरु

(१) नेपाली नागरिकताको प्रतिलिपि ।

(२) फर्म वा संस्था प्रचलित ऐन नियम बमोजिम सम्बन्धित निकायमा दर्ता भएको प्रमाणपत्र र स्थायी लेखा नम्बर/मुल्य अभिवृद्धिकर दर्ता प्रमाणपत्रको प्रतिलिपी एक/एक प्रति, गत आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदन तथा कर चुक्ताको प्रमाणपत्र ।

(३) प्रस्ताव अनुसार कार्यक्रम संचालन गर्न प्राविधिक रुपमा उपयुक्त रहेको स्थानीय तहको सिफारिस पत्र।

(४) स्थानीय तहवाट लागत साझेदारीमा हुने भए लागत साझेदारी रकम उल्लेख गरिएको सिफारिस पत्र।

(५) आवेदकको कार्य समितिको बैठकको निर्णयको प्रतिलिपि।

(६) कार्यक्रमको लागि लागत सहभागितामा खुलेको प्रस्ताव

(७) कार्यक्रम संचालनका लागि कार्यक्रममा तोकिए बमोजिमको जग्गा एकै ब्लकमा जोडिएको प्रमाण (लालपूर्जा तथा ट्रेस प्रतिलिपि सहितको) ।

(८) जग्गा भाडामा लिएर किवीखेती गर्नेको हकमा २० वर्षका लागि जग्गा भाडामा लिएको करारनामा।

(९) सम्बन्धित कृषि ज्ञानकेन्द्रको सिफारिस पत्र।

सचिव

प्रमुख सचिव

अनुसूची -४

(दफा ८ को उपदफा (२) सँग सम्बन्धित)

## प्रस्तावहरुको मूल्याङ्कन मापदण्ड (Evaluation criteria for selection)

१ हेक्टर भन्दा बढि क्षेत्रफलमा किवी बगान स्थापना वार वन्देज तथा सपोर्ट सिस्टम व्यवस्थापन गर्ने कृपकको प्रस्तावमा आधारित अनुदान कार्यक्रमकोफिल्ड निरिक्षण तथा प्रस्थाव मूल्याङ्कनका आधारहरु-

| क्र सं | विषय | मापदण्ड | पूर्णाङ्क | प्रासाङ्क |
|---|---|---|---|---|
| १ | हावापानीको उपयुक्तता (उच्चाई, मोहडा आदि) | १५००देखि २४०० मीटर | २० | |
| | | १२००  देखि१५०० | १६ | |
| २ | सिंचाई सुविधा | सधै सिंचाई सुविधा तथा निकास सुविधा | १० | |
| | | वर्षा सिजनमा मात्र सिंचाई सुविधा भएको | ८ | |
| ३ | यातायात सुविधा | सधैं गाडी जान सक्ने जान सक्ने स्थान | १० | |
| | | हिउँदमा मात्र गाडी जान सक्ने स्थान | ८ | |
| ४ | जनशक्ति व्यावस्थापन | बगान व्यवस्थापन गर्न सक्ने र स्वयं लगनशिलता धेरै भएको | १० | |
| | | स्वयं संलग्नता कमी | ८ | |
| ५ | प्राविधक दक्षता | प्राविधिक अनुभव भएको | १५ | |
| | | प्राविधिक ज्ञान कमी भएको | १२ | |
| ६ | जमिनको बनोट | प्लट मीलेको जमीन | १५ | |
| | | प्लट नमीलेको जमीन | १२ | |
| ७ | माटोको बनोट | किवी खेतीका लागि उत्तम कालो बलौटे माटो | १० | |
| | | किवी खेतीका लागि मध्यम सेतो अथवा रातो माटो | ८ | |
| ८ | बजारीकरण स्थिति | बजारको उत्तम संभावना | १० | |
| | | बजारको मध्यम संभावना | ८ | |
| | जम्मा | | १०० | |

प्रमुख सचिव

अनुसूची -५

(दफा ९ सँग सम्बन्धित)

## किविफलको उत्पादन प्याकेज

| क्रस | क्रियाकलाप | इकाई | जम्मा |
|---|---|---|---|
| १ | बगैचा रेखाङ्कन, विरुवा रोपण, खाडल खन्न, मल भर्न, टेका तथा छापो लगाउने ज्यामी | संख्या | १२० |
| २ | विरुवा व्यवस्थापन | संख्या | ४०० |
| ३ | मलखाद्य (खाडल तयारी गर्दा प्रयोग गर्ने) | | |
| | कम्पोष्ट | के जी | २००० |
| | युरिया | के जी | २० |
| | डिएपी | के जी | १० |
| | पोटास | के जी | २० |
| ४ | सिचाई पाइप | मिटर | ५०० |

अनुसूची -६

(दफा १० को उपदफा (२) सँग सम्बन्धित)

## सम्झौता-पत्र

आ.व. ................बार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत १ हेक्टर भन्दा बढि क्षेत्रफलमा किवीफल खेती विस्तार तथा वारवन्देज सपोर्ट सिस्टम व्यवस्थापनका लागि प्रस्तावनामा आधारित अनुदान कार्यक्रम संचालन कार्यविधि २०७५" (नेपाल सरकार सचिव स्तर मिति २०७५/ / मा स्वीकृत) अनुसार मिति २०७ / / मा गरिएको प्रस्ताव आव्हानको सूचना अनुसार यस कार्यालयको २०७ / / को निर्णयले जम्मा लागत रु ..........(अक्षरुपी ............ मात्र) मध्ये कार्यालयबाट अनुदान रु ............(अक्षरुपी ............मात्र) हुनेगरी तपशिल अनुसारको क्षेत्रफल विस्तार कार्यक्रम संचालन गर्न निम्नानुसारका शर्तहरुमा मञ्जुर गरी यो सम्झौता गरिएको छ ।

| क्र. सं. | कियाकलाप | जम्मा लागत | कार्यक्रमबाट व्यहोर्ने | संस्थाले व्यहोर्ने | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | जम्मा | | | | |

(१) यो सम्झौता पत्र बागवानी केन्द्र फाप्लु सोलुखुम्बु (प्रथम पक्ष) र सम्बन्धित ........... ........... (दोश्रो पक्ष) बीच १ हेक्टर भन्दा बढि क्षेत्रफलमा किवीफल खेती विस्तारका लागि प्रस्तावनामा आधारित अनुदान कार्यक्रम संचालन गर्ने कार्यको लागि प्रयोग हुनेछ।

(२) सम्झौता भएको मिति देखि यस सम्झौता प्रारम्भ भएको मानिनेछ ।

(३) दोश्रो पक्षले सम्झौतामा उल्लेख भए बमोजिमका कार्यहरु सम्झौता भएको मितिले १५ दिन भित्र शुरु गर्नु पर्नेछ।

(४) प्रथम पक्षले दोश्रो पक्षलाई आयोजनाको प्रकृति अनुसार बढिमा २ किस्तामा (५०/५०% का दरले) रकम उपलब्ध गराउनु पर्नेछ । दोश्रो पक्षले मिति ......................सम्ममा कार्य सम्पन्न गरि कार्यालयमा अन्तिम वील भर्पाई पेश गरि भुक्तानी माग गर्नु पर्नेछ ।

(५) प्रथम किस्ता भुक्तानीका लागि दोश्रो पक्षले कम्तिमा ५० प्रतिशत कार्य गरेको हुनु पर्नेछ । १०० प्रतिशत वा सम्झौता बमोजिमको कार्य प्रगति अनुसार अन्तिम वा दोश्रो किस्ता रकम उपलब्ध गराउनु पर्नेछ ।

(६) किस्ता भुक्तानी गर्दा सम्बन्धित प्राविधिकको मूल्याङ्कन तथा स्थलगत अनुगमन सहितको सिफारिसको आधारमा रकम भुक्तानी गरिनेछ । दोश्रो पक्षले कार्य गर्दा प्राविधिकको निर्देशानुसार कार्य गर्नु पर्नेछ ।

(७) अन्तिम वा तेश्रो किस्ता भुक्तानी गर्ने सम्बन्धमा प्राविधिकबाट मूल्याङ्कन गराई वील सहितको कार्य सम्पन्न प्रतिवेदन (फोटो समेत) तयार गरी दोश्रो पक्षले प्रथम पक्षसँग अनुरोध गर्नु पर्नेछ। प्रथम पक्षले रीतपूर्वकको सम्पूर्ण प्रतिवेदन तथा बिलहरु प्राप्त भए पछि भुक्तानीको आवश्यक व्यवस्था मिलाउने छ ।

(८) कार्यक्रमको प्रगति मासिक रुपमा बागवानी केन्द फाप्लु सोलुखुम्बुमा उपलब्ध गराउनु पर्ने छ ।

............................
प्रथम पक्षका तर्फबाट
नामः
पदः प्रमुख
कार्यालयको नाम र छापः

...............................
दोश्रो पक्षका तर्फबाट
नामः
पदः
कार्यालयको नाम र छापः

प्रमुख सचिव

सचिव